# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

ई.प्रा.परिपत्र संख्याः- ४७६ मितिः २०६५।३।२९

श्री नेपाल राष्ट्र बैंक, बैकिंग कार्यालय र इजाजत प्राप्त "क" वर्गका बैंकहरु ।

**विषयः ACU कारोवार सम्बन्धी थप व्यवस्था ।**

महाशय,

हाल **ACU** अन्तर्गत हुने आयात कारोवारको भुक्तानी पठाउदा सम्बन्धित "क" वर्गका बैंकहरुले यस बैंकको वैकिंग कार्यालय, थापाथलीलाई भुक्तानी गर्नको लागि अनुरोध पत्र लेख्ने गरेकोमा मिति २०६५ श्रावण १ गतेदेखि लागू हुने गरी निम्नानुसारको व्यवस्था गरिएकोले सोही वमोजिम गर्नु, गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) "क" वर्गका बैंकहरुले यस विभागस्थित लगानी शाखाको Back Office को ACU Desk मा Value Date भन्दा कम्तिमा दुई कार्य दिन अगाबै संलग्न अनुसूची (क) अनुसारको भुक्तानी अनुरोध पत्र (Payment Request Letter) पठाई सोको वोधार्थ पत्र वैंकिंग कार्यालय, थापाथलीलाई पठाउने । यस विभागको लगानी शाखाको Back Office को ACU Desk ले भुक्तानी गर्नुपर्ने रकम र सो वापत लाग्ने अन्य कमिशन (यस विभागले गर्ने कारोवार दिनको विनिमय दरको आधारमा) "क" वर्गका बैंकहरुको अमेरिकी डलरको खाता खर्च गर्न वैकिंग कार्यालयलाई पत्र लेख्ने / Swift Message पठाउने र Value Date मा भुक्तानी हुने गरी भुक्तानी गर्नु पर्ने देशको केन्द्रीय वैंकमार्फत् सम्बन्धित देशको वाणिज्य वैंकको अमेरिकी डलरको खातामा रकम जम्मा गर्न Payment Instruction पठाउने ।

(ख) "क" वर्गका बैंकहरुबाट ACU कारोवार अन्तर्गतको भुक्तानीका लागि अन्य ACU सदस्य राष्ट्रका वाणिज्य बैंकमा रहेको अमेरिकी डलर खातामा रकमान्तर गर्न चाहेमा समेत माथि बूंदा नं. (क) मा उल्लेख भए अनुसारकै व्यवस्था लागू हुने ।

(ग) यदि सम्बन्धित "क" वर्गका बैंकहरुको अमेरिकी डलरको खातामा भुक्तानी गर्नुपर्ने रकमको मौज्दात पर्याप्त नभई सो खाता Overdrawn हुने अवस्था आएमा नपुग रकममा बैक दरमा २ प्रतिशत थप गरी दिन गन्तीको हिसाबले हुने व्याज वा कम्तिमा अमेरिकी डलर १००.०० मध्ये जुन रकम बढी हुन्छ सोही बराबरको हर्जाना लगाउने ।

(घ) यस सम्बन्धी ई.प्रा.परिपत्र संख्या ४२४ का अन्य व्यवस्था यथावत् रहने ।

भवदीय,

(**रामजी रेग्मी**)
कार्यकारी निर्देशक

१। गभर्नरको कार्यालय ।
२। डेपुटी गभर्नरको कार्यालय ।
३। नेपाल सरकार, अर्थ मन्त्रालय,
आ.का.वि. तथा नि.वि.महाशाखा ।
४। बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५। बैंक सुपरिवेक्षण विभाग ।
६। आन्तरिक लेखा परिक्षण विभाग ।
७। सूचना प्रविधि विभाग । : यस बैंकको वेभ साइटमा राखिदिनु हुन ।
८। नेपाल बैंकर्स संघ ।